KALIKA POWER COMPANY LTD

१८ औ बार्षिक साधारण सभाकोनिर्णय
(माइन्युट) पुस्तिका उतार

**कालिका पावर कम्पनी लिमिटेड**
**भरतपुर-१०, चितवन**
**फोन: ०५६-५२०४५६, फ्याक्स: ०५६-५२००५६**
Email: info@kalikagroup.com, www.kalikagroup.com

# कालिका पावर कम्पनि लिमिटेड

## अठारौ बार्षिक साधारण सभाको निर्णय
## { Minute } विवरण
(पाना नं. १ देखी ०९ सम्म अभिलेख)

**१.सभाको वैधानिकता**

कम्पनी ऐन २०६३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम कालिका पावर कम्पनि लिमिटेडको मिति २०८२।०९।२७ गते सोमबार बसेको संचालक समितिको बैठकको निर्णयअनुसार अठारौ बार्षिक साधारण सभा २०८१ साल पौष २८ गते शनिबार बिहानको ११:०० बजे दियालो फुडल्याण्ड चितवन प्रा.लि., भरतपुर १०, चितवनमा हुने भनी बाार्षिक साधारण सभाका लागि मिति तोकिएको जसमा निम्न अनुसारको बिषय सूचिहरुमा छलफल गरी निम्न अनुसार निर्णय पारीत गरीयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति :- २०८२/०९/२८ गते सोमबार

स्थान :- दियालो फुडल्याण्ड चितवन प्रा.लि.भरतपुर १०, चितवन ।

समय :- बिहान ११ बजे ।

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम १८ औ वार्षिक साधारण सभाको सूचना तथा सभामा प्रस्तुत गरी छलफल हुनेसम्पूर्ण प्रस्तावहरु सम्वन्धि जानकारीको कम्पनीमा कायम रहेका सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पत्राचार मार्फत पठाईएको, कम्पनीको वेवसाईटमा राखीएको तथा राष्ट्रिय दैनिक नेपाल समचारपत्र पत्रीकामा मिति २०८२।०९।०८, गते तथा मिति २०८२।०९।२२ गते समेत २ पटक सार्वजनिक सूचना प्रकाशन समेत गरिएको थियो ।

**४. उपस्थिति**

**४.१ कम्पनी ऐन, २०६३को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १. | सुरेन्द्र पाण्डे | संचालक अध्यक्ष |
| २. | युव बहादुर क्षेत्री | संचालक |
| २. | ठाकुर प्रसाद ढकाल | संचालक |
| ३. | भूपराज काफ्ले | संचालक सर्वसाधारण शेयरधनीको समुहवाट |
| ४. | युव बहादुर क्षेत्री | संचालक |
| ५. | पुष्पा लोहनी | संचालक |

**४.२. शेयरधनीहरुको उपस्थिति**

१. स्वयम् उपस्थित संचालकको संख्या: ५ जना ६,५३,७६४ थान

२. स्वयम् उपस्थित हुने शेयरधनीको संख्या : ४४ जना ३८,४९,७९७ थान

३. प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या :१२ जना ६,८९,५१० थान,

४. जम्मा उपस्थित संख्या :६१ जना, ५१,९३,०७१ थान

५. उपस्थित प्रतिशत : ५५.६० % प्रतिशत

**४:३ पदाधिकारीहरु:**

१. श्री किशोर डंगोल कम्पनी सचिव

**५.गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

कम्पनीका ६६.३३% संचालक/शेयरधनी महानुभावहरु सभामा उपस्थित रहनु भएकाले कम्पनी ऐन २०६३ तथा स्वीकृति नियमावली वमोजिम कम्पनीको सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पुगेको देखिन्छ ।

**६. सभाको वैधानिकता र सभाको अध्यक्षता**

६.१ कम्पनी ऐन, २०६३ तथा कम्पनीको स्वीकृति नियमावली बमोजिम सभा बोलाईएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बांडफांड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको १८ औ वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या ४२ जना रहेको र कुल बाँडफाँड भएको शेयरको ६६.३३% प्रतिनिधित्व भएको हुंदा आजको साधारण सभाको अध्यक्षज्युले १८ औ वार्षिक साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभाको वैधानिकता पुगेको वा भएको भनी सो को जानकारी गराउनु भयो ।

६.२ कार्यक्रम संचालनकर्ताले कम्पनीको १८ औ साधारण सभाको अध्यक्षता ग्रहण गर्न कम्पनी संचालक समितिको अध्यक्ष सुरेन्द्र पाण्डेज्यूलाई अनुरोध गर्नुभयो ।

६.३ सभाका अध्यक्षज्यूले सभा सञ्चालन गर्नु पूर्व, उपस्थित सबै संचालक/शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र उपस्थित सञ्चालकज्युहरुको परिचय दिनु भई वार्षिक साधारण सभाको कार्य अगाडि बढाउन अनुमति दिनु भयो ।

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

७. सभामा छलफल गरिने प्रस्तावहरु (एजेण्डाहरु):

७.(१).सामान्य प्रस्तावहरु:

क. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०८१।०८२ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाहको विवरण लगायत वित्तिय विवरणहरु उपर छलफल गरी पारीत गर्ने ।

ग. कम्पनी ऐन, २०६३ को दफा १११, बमोजिम आ.व. ०८२।०८३ को लेखापरिक्षण कार्यको लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

घ. संचालक समितिको तर्फवाट आ.व.०८१।०८२ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।

ङ. संचालक समितिको सिफारीस बमोजिम यस कम्पनीको आ.व.०८१।०८२ को संचित मुनाफावाट हाल कायम चुक्ता पुजी रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय) को ०.३६८४ प्रतिशतले हुन आउने रकम रु ३४,४०,८६६.५८। (अक्षरेपी रु चौतीस लाख चालीस हजार आठ सय छैसठ्ठी रुपैया अन्ठाउन्न पैसा मात्र) नगद लाभांस (बोनस शेयर बापतको कर भुक्तानी गर्ने प्रयोजनको लागि मात्र) वितरण गर्न स्वीकृत गर्ने सम्वन्धमा ।

७.२. विशेष प्रस्तावहरु:

क. कम्पनीमा कायम रहेको चुक्ता पुजी रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय) को आ.व.०८१।०८२ को संचित मुनाफावाट संचालक समितिको निर्णय बमोजिम ७ प्रतिशतले हुन आउने रकम रु ६,५३,७६,४६५।(अक्षरेपी रु छ करोड त्रीपन्न लाख छयत्तर हजार चार सय पैसठ्ठी मात्र) बराबरको बोनस शेयर वितरण गर्न प्रस्ताव गरिएकोले उक्त बोनश शेयर बितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारीत गर्ने सम्वन्धमा ।

ख. कम्पनीको पुजी बृद्धि गरी प्रवन्धपत्रको दफा ६ को खण्ड (क)(ख) र (ग) संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

ग. प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम मात्र थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव छलफल गरी पारित गर्ने ।

७.३.विविध विषयमा छलफल ।

८. वार्षिक साधारण सभाको प्रस्तुती :

१. सभाका अध्यक्षज्युले उपस्थित सबै शेयरधनी महानूभावहरु, उपस्थित पर्यवेक्षकहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. ०८१/८२ को सञ्चालक समितिको तर्फवाट तयार गरिएको प्रतिवेदन अध्यक्ष श्री सुरेन्द्र पाण्डेज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सम्मानित सभा समक्ष पेश गर्नु भयो । तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको आर्थिक विवरण सहितको नाफा नोक्सान

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

हिसाब भएको नगद प्रवाह विवरण सहितको वासलात, नाफा नोक्सान हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

**९. छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु**

९.१ कम्पनीको आ.व. ०८१/०८२ को प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. ०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुंदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

**९.२.छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नामः**

१. श्री प्रविण थपलिया
२. श्री मधुसुदन के.सी.

**१०. छलफलमा सहभागी हुने संचालक तथा शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका जिज्ञासा, सुझाव तथा मन्तव्य :**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा अधिकांश शेयरधनीहरुले साधारण सभामा सर्वप्रथम कम्पनी, संचालक र व्यवस्थापनलाई धन्यवाद दिनु भयो र कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । कम्पनीको संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिका टिप्पणी गर्दै बोनस शेयर गत वर्ष भन्दा किन कम भएको ? भनि प्रश्न गर्नु भयो साथै कम्पनीवाट भए गरिएको कार्यहरुको मूल्याङकन गरि राम्रा कामको सरहाना तथा देखिएका कमी कमजोरीहरु औंल्याउनु भयो । कम्पनीको हितका लागि आफ्नो तर्फवाट सुझाबहरु प्रस्तुत गर्नु भयो । कम्पनीसंग संलग्न सवै पक्षलाई धन्यवाद दिनु भयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

तल उल्लेखित शेयरधनी महानुभावहरुले छलफलको क्रममा देहाय बमोजिमको धन्यवाद तथा सराहना, सुझाव, जिज्ञासा एवं मन्तव्य व्यक्त गर्नुभएको थियो :
माथि उल्लेखित महानुभावहरुले वार्षिक साधारण सभामा संचालक र व्यवस्थापन तथा कम्पनीलाई धन्यवाद दिनु भयो र कम्पनीको उत्तरोत्तर प्रगतिको कामना गर्नु भयो । त्यस पछि संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि आफ्नो धारणा राख्दै कम्पनी संचालन गर्न अझ प्रभावकारी कार्यक्रमहरु संचालन गर्नु पर्ने र लगानीकर्ताहरु लाई वढि भन्दा वढि प्रतिफल दिन अझ विशेष ध्यान दिनु पर्ने देखिएको छ र कम्पनीको उद्देश्य प्राप्त गर्न अझ सशक्त किसिमले अगाडी वढ्नु पर्ने आवश्यकता औंल्याउदै कम्पनीलाई आफ्नो तर्फवाट दिनु पर्ने सुझाबहरु प्रस्तुत गर्नु भयो ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ**

अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ दिनु भयो र प्राप्त सल्लाह सुझावहरु कम्पनी संचालनको मुख्य आधार रहेकोले विचार व्यक्त गर्नु भयो साथै आगामी दिनमा यस्ता सुझावहरुको क्रमशः कार्यन्वयन गर्दै लैजाने कुरामा सबै शेयरधनीहरुलाई विश्वास दिलाउनु भयो ।

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

१३. सभाको निर्णय (सामान्य प्रस्ताव)

क. **संचालक समितिको तर्फवाट अध्यक्षज्युले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।**

सभामा प्रस्तुत आर्थिक वर्ष ०८१/०८२ को सञ्चालक समितिको तर्फवाट अध्यक्षज्युले पेश गर्नु भएको प्रतिवेदन उपर आवस्यक छलफल गरी उक्त प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गऱ्यो ।
(आजको यस १८ औ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

ख. **लेखा परिक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्त सम्मको वासलात तथा सोहि मितिमा समाप्त आर्थिक वर्ष ०८१/०८२ को नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण माथि छलफल गरि अनुमोदन गर्ने ।**
लेखा परिक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्ष ०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण पारित गरियोस् भनी अध्यक्षज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।
(आजको यस १८ औ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

ग. **आर्थिक वर्ष ०८२/०८३ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**
कम्पनी ऐन, २०६३ को अनुसार आर्थिक वर्ष ०८२/०८३ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा के.बि.चित्रकार एण्ड एसोसियट्सका चार्टर्ड एकाउन्टेन्ट अरुण लुइटेलज्युलाई बार्षिक पारीश्रमीक रु ३००,०००।- भ्याट बाहेक) भुक्तानी गर्ने गरी नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।
(आजको यस १८ औ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

घ. **संचालक समितिको तर्फवाट आ.व.०८१/०८२ मा गरेको संचालक समितिको निर्णयहरु अनुमोदन गर्ने सम्वन्धमा ।**
यस कम्पनीको आर्थिक वर्ष ०८१।०८२ मा संचालक समितिको तर्फवाट भए गरेको संचालक समितिको निर्णयहरु तर्फ आज बसेको सभामा विस्तृत रुपमा छलफल गरी संचालक समितिले यस आर्थिक वर्षमा ७ प्रतिशत बोनश शेयर दिने निर्णय पारीत गरीसकेको अवस्थामा आगामी वर्ष अझै बढी लाभांश दिने तर्फ सचेत भएको देखीएकोले कम्पनीले यस आ.व.मा गरेको निर्णयहरु कम्पनीलाई प्रवर्दन गर्न, कम्पनीको खर्च घटाउन तथा नाफा बढाउनमा केन्द्रीत भएको देखियो । त्यसैले यस आ.व.मा संचालक समितिको तर्फवाट भएको निर्णय गरी पेश गरेका निर्णयहरु सर्वसम्मतिवाट अनुमोदन गरियो ।

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

(आजको यस १८ औ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरि दिनुहुन अनुरोध गर्दछु ।)

ङ. **संचालक समितिको सिफारीस बमोजिम यस कम्पनीको आ.व.०८१।०८२ को संचित मुनाफावाट हाल कायम चुक्ता पुजी** रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय) **को ०.३६८४ प्रतिशतले हुन आउने रकम रु ३४,४०,८६६.५८। (अक्षरेपी रु चौतीस लाख चालीस हजार आठ सय छैसठ्ठी रुपैया अन्ठाउन्न पैसा मात्र) नगद लाभांस (बोनस शेयर बापतको कर भुक्तानी गर्ने प्रयोजनको लागि मात्र) वितरण गर्न स्वीकृत गर्ने सम्वन्धमा ।**

मिति २०८२।०९।०७ मा बसेको संचालक समितिको वैठकवाट भएको निर्णय बमोजिम सिफारीस आ.व.०८१/०८२ को संचित मुनाफावाट हाल कायम चुक्ता पुजी रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय) को ०.३६८४ प्रतिशतले हुन आउने रकम रु ३४,४०,८६६.५८। (अक्षरेपी रु चौतीस लाख चालीस हजार आठ सय छैसठ्ठी रुपैया अन्ठाउन्न पैसा मात्र) नगद लाभांस ( ७ प्रतिशत बोनस शेयर बापतको कर प्रयोजनको लागि भुक्तानी गर्न मात्र) वितरण गर्न स्वीकृत गर्ने निर्णय सर्वसम्मतिवाट पारीत गरीयो ।

(आजको यस १८ औ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

**सभाको निर्णय (विशेष प्रस्ताव):**

क. **कम्पनीमा कायम रहेको चुक्ता पुजी** रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय) **को आ.व.०८०।०८२ को संचित मुनाफावाट संचालक समितिको निर्णय बमोजिम ७ प्रतिशतले हुन आउने रकम** रु ६,५३,७६,४६५।(अक्षरेपी रु छ करोड त्रीपन्न लाख छयत्तर हजार चार सय पैसठ्ठी मात्र) **बराबरको बोनस शेयर वितरण गर्न प्रस्ताव गरिएकोले उक्त बोनश शेयर बितरण गर्ने प्रस्ताव उपर छलफल गर्ने सम्वन्धमा ।**

कम्पनीमा कायम रहेको चुक्ता पुजी रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय)को आ.व.०८१।०८२ को संचित मुनाफावाट संचालक समितिको निर्णय बमोजिम ७ प्रतिशतले हुन आउने रकम रु ६,५३,७६,४६५।(अक्षरेपी रु छ करोड त्रीपन्न लाख छयत्तर हजार चार सय पैसठ्ठी मात्र) बराबरको बोनस शेयर वितरण गर्न प्रस्ताव गरिएकोले उक्त बोनश शेयर बितरण गर्ने प्रस्ताव उपर छलफल गरी सर्वसम्मतिबाट पारीत गरीयो ।

(आजको यस १८ औ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो विशेष प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

ख. **कम्पनीको पुजी बृद्धि गरी प्रवन्धपत्रको दफा ६ को खण्ड (क) (ख) र (ग) संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।**

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

साधारण सभाको निर्णय बमोजिम लाभांश भुक्तानी गर्ने निर्णय भएकोले नगद तथा बोनश शेयर वितरण गरे पश्चात कम्पनीको अधिकृत पुजी, जारी पुजी तथा चुक्ता पुजी समेत बृद्धि हुन जाने भएकोले सो बृद्धि गरी प्रवन्धपत्रको दफा यस कम्पनीको स्वीकृत प्रवन्धपत्रको दफा ६ को खण्ड (क)(ख) र (ग) संसोधन गर्ने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी सर्वसम्मतिवाट पारीत गरीयो ।

(आजको यस १८ औ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो विशेष प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

**ग. प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधनको निर्देशन भएमा सोही बमोजिम मात्र थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव छलफल गरी पारित गर्ने ।**

प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित संसोधनका सम्वन्धमा नियमनकारी निकायवाट थपघट, परिवर्तन वा संशोधन गर्न निर्देशन भएमा सोही बमोजिम मात्र थपघट, परिवर्तन वा संसोधन गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सम्वन्धि विशेष प्रस्ताव उपर छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतिवाट पारित गरीयो ।

(आजको यस १८ औ बार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण आदरणिय शेयरधनीहरुलाई ताली बजाई यो विषेश प्रस्ताव पारित गरिदिनुहुन अनुरोध गर्दछु ।)

| साविकको ब्यबस्था | हालको थप संशोधन | संशोधनको कारण |
|---|---|---|
| प्रवन्धपत्रको दफा ६ (क) यस कम्पनीको अधिकृत पुँजी रु १,००,००,००,०००। (अक्षरेपी रु एक अर्ब) हुनेछ। उक्त पूँजी लाई रु १०० का दरले १०००००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br><br>प्रवन्धपत्रको दफा ६ (ख) यस कम्पनीको तत्काल जारी गरिने पुँजी रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ९३३९४९५ थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ग) यस कम्पनीको तत्काल चुक्ता पुँजी रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय) हुनेछ । उक्त पूँजी लाई रु १०० का | प्रवन्धपत्रको दफा ६ (क) यस कम्पनीको अधिकृत पुँजी रु २,००,००,००,०००। (अक्षरेपी रु दुई अर्ब) हुनेछ। उक्त पूँजी लाई रु १०० का दरले २०००००००० थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>प्रवन्धपत्रको दफा ६ (ख) यस कम्पनीको तत्काल जारी गरिने पुँजी रु ९९,९३,२६,०००।०० (अक्षरेपी त्रियानब्बे करोड उन्चालिस लाख उन्पचास हजार पाँच सय) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ९९९३२६० थान साधारण शेयरमा बिभाजन गरिएको छ ।<br>(ग) यस कम्पनीको तत्काल चुक्ता पुँजी रु ९३,३९,४९,५००।०० ( अक्षरेपी त्रियानब्बे करोड उन्चालिस लाख उन्पचास हजार पाँच सय) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ९३,३९,४९५ थान साधारण | बमोजिम सिफारीस यस कम्पनीको संचालक समितिको मिति २०८२।०९।०६ को निर्णय बमोजिम आ.व.०८१/०८२ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु ९३,३९,४९,५००। (अक्षरेपी रु त्रियानब्बे करोड उनान्चालीस लाख उनान्चास हजार पाच सय) को ७% प्रतिशतले हुन आउने रकम ६,५३,७६,४६५।(अक्षरेपी रु छ करोड त्रीपन्न लाख छयत्तर हजार चार सय पैसठ्ठी मात्र) बराबरको बोनस शेयर वितरण गर्ने निर्णय पारीत गरेको हुँदा कम्पनीको तत्काल चुक्ता पूँजी बृद्धि भई संशोधन गर्नु परेको हो । |

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

| | | |
|---|---|---|
| दरले ९३३९४९५ थान साधारण शेयरमा बिभाजन गरिएको छ । | शेयरमा बिभाजन गरिएको छ । | |

८. **विविध शिर्षक माथि छलफलः**

१. साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए वमोजिम अध्यक्ष तथा कम्पनी सचिबले प्रमाणीत गर्ने सर्वसम्मतिबाट निर्णय पारित भयो ।

१४. **धन्यवाद ज्ञापन**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्युले कम्पनीका संस्थापक शेयरधनी/ सर्वसाधारण शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहांहरुबाट आवश्यक मार्गदर्शन प्राप्त भएकोमा तथा वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनीहरु तथा सम्बन्धित सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

१५. **सभा विसर्जन**

तत्पश्चात् सभाको अध्यक्ष तथा संचालक समितिको अध्यक्ष श्री सुरेन्द्र पाण्डेज्यूले सभा सञ्चालन गर्न सभामा उपस्थित संचालक सदस्य र शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई हार्दिक बधांई ज्ञापन गर्दै दिनको ३:३० बजे सभा विसर्जन गर्नुभयो ।

**किशोर डंगोल**
**कम्पनी सचिव**

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

**सुरेन्द्र पाण्डे**
**अध्यक्ष**

तीन महले विवरण

| साविकको ब्यबस्था | हालको थप संशोधन | संशोधनको कारण |
|---|---|---|
| प्रवन्धपत्रको दफा ६ (ख) यस कम्पनीको तत्काल जारी गरिने पुँजी रु ८७,२८,५०,०००।०० (अक्षरेपी सतासी करोड अठ्ठाइस लाख पचास हजार) हुनेछ। उक्त पूँजी लाई रु १०० का दरले ८७२८५०० थान साधारण शेयरमा बिभाजन गरिएको छ। (ग) यस कम्पनीको तत्काल चुक्ता पुँजी रु ८७,२८,५०,०००।०० ( अक्षरेपीसतासी करोड अठ्ठाइस लाख पचास हजार) हुनेछ। उक्त पूँजी लाई रु १०० का दरले ८७२८५०० थान साधारण शेयरमा बिभाजन गरिएको छ। | प्रवन्धपत्रको दफा ६ (ख) यस कम्पनीको तत्काल जारी गरिने पुँजी रु ९३,३९,४९,५००।०० (अक्षरेपी त्रियानब्बे करोड उन्चालिस लाख उन्पचास हजार पाँच सय) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ९३,३९,४९५ थान साधारण शेयरमा बिभाजन गरिएको छ। (ग) यस कम्पनीको तत्काल चुक्ता पुँजी रु ९३,३९,४९,५००।०० (अक्षरेपी त्रियानब्बे करोड उन्चालिस लाख उन्पचास हजार पाँच सय) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ९३,३९,४९५ थान साधारण शेयरमा बिभाजन गरिएको छ। | बमोजिम सिफारीस यस कम्पनीको संचालक समितिको मिति २०८१।०९।२९ को निर्णय बमोजिम आ.व.०८०/०८१ सम्मको संचित मुनाफावाट हाल कायम चुक्ता पूँजी रु ८७,२८,५०,०००।०० (अक्षरेपी सतासी करोड अठ्ठाइस लाख पचास हजार) को ७% प्रतिशतले हुन आउने रकम रु ६,१०,९९,५००। (अक्षरेपी रु छ करोड दश लाख उनान्सय हजार पाच सय मात्र) बराबरको बोनस शेयर वितरण गर्ने निर्णय पारीत गरेको हुँदा कम्पनीको तत्काल चुक्ता पूँजी बृद्धि भई संशोधन गर्नु परेको हो। |

कालिका पावर कम्पनी लि.
KALIKA POWER COMPANY LTD.

कम्पनी ऐन, २०६३ अन्तर्गत संन्चालीत

**( शेयरहरुमा सिमित दायित्व भएको )**

कालिका पावर कम्पनी लिमिटेड

**प्रवन्धपत्र**

**को**

**दफा ६ (ख) र (ग) मा भएको थप संसोधन**

**मिति २०८२।०९।२८ गते बसेको बार्षिक साधारण सभाको निर्णय बमोजिम संसोधन गरी अभिलेख गरीएको ।**

प्रवन्धपत्रको दफा ६ (ख) यस कम्पनीको तत्काल जारी गरिने पुंजी रु ९३,३९,४९,५००।०० (अक्षरेपी त्रियानब्बे करोड उन्चालिस लाख उन्पचास हजार पाँच सय) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ९३,३९,४९५ थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

(ग) यस कम्पनीको तत्काल चुक्ता पुंजी रु ९३,३९,४९,५००।०० (अक्षरेपी त्रियानब्बे करोड उन्चालिस लाख उन्पचास हजार पाँच सय) हुनेछ । उक्त पूँजी लाई रु १०० का दरले ९३,३९,४९५ थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

# Global IME Capital Limited

ग्लोबल आइएमई क्यापिटल लिमिटेड

GROW WITH US

4992

Regd No. 1067/064/065

पत्र संख्या : RTS/१२३६/०८२/८३, चलानी नं.४९९४

मिति : २०८२/०९/३०

श्री कालिका पावर कम्पनी लिमिटेड
भरतपुर, चितवन ।

**विषय : गणपुरक संख्या सम्बन्धमा जानकारी गराइएको बारे ।**

महोदय,

उपरोक्त विषयको सम्बन्धमा त्यस कम्पनीको मिति २०८२/०९/२८ गते सोमबारको दिन सम्पन्न १८ औं वार्षिक साधारण सभामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित शेयरधनीहरुको गणपुरक संख्या तपसील बमोजिम रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

**तपसील :**

१. स्वयं उपस्थित हुने शेयरधनीको संख्या : ४९
२. प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या : १२
**जम्मा उपस्थित संख्या : ६१**

**गणपुरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम)**

| विवरण | जम्मा शेयर संख्या | उपस्थित शेयरधनी | | उपस्थित (शेयर संख्या) | | जम्मा शेयरधनी संख्या | जम्मा शेयर संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वयं | प्रतिनिधि मार्फत | स्वयं | प्रतिनिधि मार्फत | (स्वयं तथा प्रतिनिधि) | (स्वयं तथा प्रतिनिधि मार्फत) |
| सर्वसाधारण समूह | ९३,३९,४९५ | ४९ | १२ | ४५,०३,५६१.०९ | ६,८९,५१०.१६ | ६१ | ५१,९३,०७१.२५ |
| | | | | | कूल प्रतिशत (%) | ५५.६० | |

बिजेता शाक्य
बरिष्ठ अधिकृत

नलिना श्रेष्ठ
ना.प्रमुख कार्यकारी अधिकृत

श्री नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकर (निष्काशन तथा बिक्री प्रबन्ध, शेयर रजिष्ट्रेशन, धितोपत्र प्रत्याभुति र लगानी व्यवस्थापन र संस्थागत परामर्श), निक्षेप सदस्य तथा योजना व्यवस्थापक र डिपोजिटरीको कार्य गर्न अनुमतिपात्र प्राप्त संस्था
P.O.Box No. 21599, 1st Floor, Laxman Babu Bhawan, Naxal, Kathmandu, Nepal
Ph.: +977-01-5970138, Fax: +977-01-4545702 | E-mail: info@glcl.com.np | Website: www.globalimecapital.com